# बजेट वक्तव्य





ढोरपाटन नगरपालिका, बुर्तिबाङ, बागलुङ
वेबसाईट:-dhorpatanmunicipality10@gmail.com

**नगरसभा सदस्य ज्यूहरु,**

आज हामी यस ढोरपाटन नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा यस गरिमामय सभामा उपस्थित भईरहेका छौँ। यस सम्मानित सभामा उपस्थित रहनुहुने सभाका सदस्यज्यूहरु, सभाका सचिवज्यू, राष्ट्रसेवक कर्मचारी तथा संचारकर्मीहरु लगायत यहाँ उपस्थित सम्पूर्णमा स्वागत गर्न चाहन्छु । यसै क्रममा संघीय शासन व्यवस्थाका लागि संघर्षरत रहँदा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

चालु वर्षमा नगरसभा संचालनको निर्धारित समय सिमा भित्र नै ढोरपाटन नगरपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै खुशी लागेको छ। यस सुखद परिवेशमा नगर सभा संचालनका लागि एकतावद्ध रहदै सहयोग गर्नुहुने सभाका सदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु, लगायत संबद्ध सबैमा हार्दिक आभार प्रकट गर्दै यसको कार्यान्वयनमा पनि सदैव साथ र सहयोगको पूर्ण अपेक्षा गर्दछु।

**सभाका सदस्यहरु,**

अव म बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी प्रस्तुत गर्न चाहन्छु ।

**क) सोचः**

"कृषि, पर्यटन, मध्यपहाडि व्यापारिक नगर: समुन्नत र समृद्ध ढोरपाटन विकासको आधार "

**ख) लक्ष्यः**

"उत्पादनशिल रोजगारी, मर्यादित जीवन, समावेशी र सुशासनयुक्त नगरपालिका"

**ग) उद्देश्यहरुः**

- उत्पादन, रोजगारी र आयआर्जनका अबसर प्रबर्द्धन गर्नु,
- सांस्कृतिक तथा पर्यटकिय गन्तव्यको रुपमा विकास गर्नु,
- गुणस्तरिय स्वास्थ्य, शिक्षा र सभ्य समाजको आधार तयार गर्नु,
- बसोबास, भौतिक सुबिधा तथा अन्तरआबद्धता सहज, व्यवस्थित र उत्थानशिल बनाउनु,
- वन, जलाधार एबं जैबिक विविधताको संरक्षण, गुणस्तर तथा दीगो प्रयोगमा अभिबृद्धि गर्नु,
- विकास पूर्वाधारलाई विपद प्रतिरोधी तथा सामाजिक एवं संस्थागत जीवनलाई उत्थानशिल बनाउनु,
- सार्वजनिक निजी साझेदारीमा जोड दिई विकासमा सबै पक्षलाई संलग्न गराउनु ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गर्नु ।

**सभाका सदस्यहरु,**

अब म, आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. आर्थिक वर्ष २०८३।०८४ को अनुमानित कुल बजेट **रु. ६२ करोड ७० लाख ६६ हजार २ सय रुपैँया** रहेको छ । जसमा संघीय सरकार वित्तिय समानिकरण अनुदान **रु. १० करोड ७३ लाख**, संघीय सरकार सर्शत अनुदान **रु. २८ करोड ४० लाख ९६ हजार २ सय**, संघ समपुरक अनुदान तर्फ **रु. १ करोड २६ लाख**, संघीय सरकार बिशेष अनुदान **रु. १ करोड ८० लाख**, संघीय सरकार राजश्व बाँडफाँट **रु. ११ करोड ६५ लाख ३१ हजार रुपैंया** मात्र अनुमान गरेको छु ।

२. प्रदेश सरकार वित्तिय समानिकरण अनुदान **रु. १ करोड २५ लाख ७४ हजार** , प्रदेश सरकार विशेष अनुदान **रु. ४० लाख**, प्रदेश सरकार समपुरक अनुदान **रु. ६० लाख** र प्रदेश सवारी साधन कर तर्फ **रु. १ करोड १८ लाख ६० हजार** प्राप्त हुने अनुमान गरेको छु ।

३. ढोरपाटन नगरपालिकाको आन्तरिक राजश्व अनुमान **रु २ करोड ९९ लाख ४५ हजार**, चालु वर्षको बैँक मौज्दात रकम **रु. १ करोड ८० लाख रुपैँया**, स्थानीय राजश्व बाँडफाँट **रु ८५ लाख** प्राप्त हुने अनुमान गरेको छु ।

## सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद

- बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाई केन्द्रका परिचालकहरु तथा नगर अनुदान शिक्षकहरुको पारिश्रमिक लागि **रु ४ करोड ९ लाख** रुपैयाँ विनियोजन गरेको छु ।
- स्थानीय पाठ्यपुस्तक "हाम्रो ढोरपाटन" छपाईको लागि रु. ६ लाख बजेट व्यवस्था गरेको छु ।
- आवश्यकताको आधारमा सामुदायिक बिद्यालय हरुमा ई हाजिरी व्यवस्थापनको लागि रु. ८ लाख विनियोजन गरेको छु ।
- कम्प्युटर ल्याब भएका बिद्यालयहरुलाई आ.सि.टि तालिम, लेखा व्यवस्थापन र नवप्रवेशी शिक्षक तालिमको लागि रकम छुट्याएको छु ।
- प्रारम्भिक बालविकास कक्षाकोठाहरुमा न्यूनतम शिकाई सामाग्री व्यवस्थापन अनुदानको लागि रु ३ लाख बजेट विनियोजन गरेको छु ।
- घुम्ति विद्यालय संचालन तथा व्यवस्थापन अनुदानको लागि रु २ लाख बजेट विनियोजन गरेको छु ।

- शिक्षाको विकास र गुणस्तर बढाउनको लागि संघीय शशर्त अनुदान बाहेक शैक्षिक विकास तर्फ रु. ५० लाख बजेट विनियोजन गरेको छु।
- नगरपालिकाको खेलकुद विकास र संरक्षणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**स्वास्थ्य तथा आयुर्बेद सेवा**

- ढोरपाटनमा निशुल्क स्वास्थ्य शिविर कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- नियमित तथा आकास्मिक औषधि खरिदको लागि **रु ८ लाख** विनियोजन गरेको छु।
- बोबाङ स्वास्थ्य चौकी र अधिकारीचौर स्वास्थ्य चौकीमा प्रसुति प्रतिक्षालय घर स्थापना गर्नको लागि **रु. ८ लाख** बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थाहरुमा तथ्याङ्क डिजिटलाईजेशनको लागि **रु. ३ लाख** रकम विनियोजन गरेको छु।
- कुदुम गाउँघर क्लिनिक बर्थिङ सेन्टर निर्माणको लागि **रु ३ लाख** रकम विनियोजन गरेको छु।
- एकिकृत स्वास्थ्य परिक्षण कार्यक्रमको लागि रु ४ लाख रुपैया विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड सुदृढिकरण सामाग्री खरिद तथा स्टोर व्यवस्थापनको लागि रु २ लाख विनियोजन गरेको छु।
- स्वास्थ्य बिमा कार्यक्रम विस्तारका लागि स्वास्थ्य बिमा कार्यक्रममा नगरपालिकाबाट लक्षित वर्गलाई ५० प्रतिशत साझेदारी ब्यहोर्नको लागि **रु ४ लाख** विनियोजन गरेको छु।
- राष्ट्रिय महिला सामुदायीक स्वास्थ्य स्वयंम सेविका कार्यक्रमको लागि रु ३ लाख रकम विनियोजन गरेको छु।
- आयुर्बेद औषधि खरिद तथा समुदाय स्तरमा गरिने कार्यक्रमको लागि **रु. ५ लाख** रकम छुट्याएको छु।
- नागरिकमा स्वास्थ्य सेवा प्रवाहको लागि संघीय शशर्त अनुदान बाहेक स्वास्थ्य र आयुर्वेद सेवा तर्फ **रु. ५८ लाख** बजेट विनियोजन गरेको छु।

**लैगिक तथा सामाजिक समावेशीकरण र लक्षित बर्ग**

- छुवाछुत तथा जातिय विभेदको अन्त्य, मानव अधिकारको प्रवर्द्धन कार्यक्रम सञ्चालन, लैङगिक हिंसा, महिला सम्बन्धित र बालकल्याण, अपाङ्ता, लागु औषध दुर्व्यसनी तथा मानव बेचबिखन कार्यक्रम, आदिवासी जनजाती कार्यक्रमको लगायतको लागि रु **३० लाख** रकम विनियोजन गरेको छु।

- छनौटको आधारमा महिला उद्यमि कार्यक्रमको लागि रु ३ लाख विनियोजन गरेको छ । जुन अनुसूचिमा उल्लेख छ ।

समग्रमा सामाजिक विकास तर्फ संघीय शसर्त अनुदान सहित **रु. ३१ करोड ४० लाख ७० हजार** बजेट विनियोजन गरेको छ ।

## पूर्वाधार विकास

### सडक तथा भवन

- झोलुङ्गे पुल साझेदारी, ढोरपाटन नदि बेलिब्रिज पुल निर्माण वडा नं. ९, एकबाले बेलिब्रिज मोटरेबल पुल वडा नं. ५, सकुरदुङ पक्कि कल्भर्ट निर्माण वडा नं. ९, दोगाडि पक्कि कल्भर्ट पुल निर्माण वडा नं.७, खोलाखर्क छोटा देउराली भवन निर्माण वडा नं.६, हुन्द्राफेदि पुर्कोट जोड्ने मोटरबाटो वडा नं.३ लगायतका योजनाहरुको लागि **रु १ करोड ७० लाख** विनियोजन गरेको छ ।
- वर्षा तथा पहिरो र विविध कारणले मर्मत गर्नुपर्ने योजनाका लागि समेत बजेट विनियोजन गरेको छ ।
- वडा प्रशासनिक भवन निर्माण, विद्यालय तथा सामुदायिक भवन निर्माण तथा मर्मतको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।
- वडा तर्फ र पालिका तर्फ आबश्यकताको आधारमा विभिन्न शिर्षकमा पुर्वाधार तर्फ रु. **५ करोड ६० लाख** विनियोजन गरेको छ ।

### उर्जा विकास

- ढोरपाटन सडक लाईट र विस्तार मार्फत उज्यालो ढोरपाटन बनाउन आवश्यक बजेट विनियोजन गरेको छ ।

### सिंचाई, खानेपानी तथा सरसफाई

- बुर्तिबाङ खानेपानि आयोजना, साना सिँचाई प्रबर्दन र अन्य खानेपानी कार्यक्रमहरुको लागि रु ५८ **लाख ५० हजार रुपैयाँ** विनियोजन गरेको छ ।

उल्लेखित योजनाहरु तथा अन्य पूर्बाधार विकास सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्फ जम्मा रु. **१० करोड ३२ लाख ९६ हजार २ सय रुपैयाँ** विनियोजन गरेको छ । जुन अनुसूचीमा उल्लेख छ ।

## आर्थिक विकास:

### कृषि सेवा

- प्रथम ढोरपाटन आलु महोत्सबको लागि **रु. २५ लाख** बजेट विनियोजन गरेको छु ।
- मौरी प्रवर्दन कार्यक्रम (५० प्रतिशतमा अनुदान) को लागि **रु ३ लाख** बजेट विनियोजन गरेको छु ।
- ५०% अनुदान आधुनिक कृषि औजार मिनिटेलर तथा काम्बाईन्ड मिल वितरण, मकैको विउ वितरण, कृषकलाई बेमौसमि तरकारि सम्बन्धी तालिम, कृत्रिम गर्भाधान कार्यक्रम र आकस्मिक बालि संरक्षण कार्यक्रमको लागि **रु.२२ लाख** बजेट विनियोजन गरेको छु ।
- फलफुल प्रवर्धन कार्यक्रमको लागि **रु ३ लाख** वजेट विनियोजन गरेको छु ।

उल्लेखित योजनाहरु तथा कृषि सँग सम्बन्धित कार्यक्रमहरुको लागि कुल **रु.३० लाख** रकम विनियोजन गरेको छु । जुन अनुसूचीमा उल्लेख गरेको छु ।

**पशु विकास**

- पशुपन्छिहरुको लागि औषधि खरिद गर्न **रु.९ लाख ५० हजार**, पशुपन्छीको बिमा प्रिमियम शुल्कमा अनुदान कार्यक्रम उत्पादनमा आधारित अनुदान कार्यक्रम, ५०% अनुदानमा घाँस काट्ने मेशिन वितरण लगायतको कार्यक्रमको लागि एकमुष्ठ **रु २० लाख** विनियोजन गरेको छु ।
- पशु बधस्थल निर्माण तथा मासु पसल सुधार कार्यक्रमको लागि **रु. ३ लाख** बजेट विनियोजन गरेको छु ।

उल्लेखित योजनाहरु तथा अन्य पशु पन्छि सँग सम्बन्धित कार्यक्रमको लागि कुल **रु २३ लाख** रकम विनियोजन गरेको छु । जुन अनुसूचीमा उल्लेख छ ।

**पर्यटन तथा संस्कृति**

- रुद्रताल संरक्षणको लागि आवश्यक बजेट विनियोजन भएको छ ।
- पर्यटन पूर्वाधार निर्माण ( ढोरपाटन हिलाम्मे चौरमा रहेको आवश्यक सडकमा ग्राबेल गर्ने ) र मेलापर्व लगायतका कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**सहकारी**

- वित्तीय साक्षरता कार्यक्रम, सहकारी संस्थाको अनुगमन, कोपोमिस, नियमनका कार्यक्रमहरु सञ्चालनका लागि **रु. ३ लाख** बजेट विनियोजन गरेको छु ।

**उद्योग, श्रम तथा रोजगार तथा व्यवसाय:**

- रोजगार, सीप तथा उधमशीलता अन्तर्गतका कार्यक्रमहरुको लागि कुल **रु. १७ लाख ६० हजार** रुपैयाँ विनियोजन गरेको छु ।
- लघु उद्यम अन्तर्गतका कार्यक्रमहरु संचालनको लागि कुल **रु २ लाख** रकम विनियोजन गरेको छु ।
- व्यवसाय दर्ता, नियमन तथा व्यवस्थापनको लागि एकमुष्ठ **रु ३ लाख** रुपैँया विनियोजन गरेको छु ।

उल्लेखित योजनाहरु तथा अन्य पूर्बाधार विकास सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्फ जम्मा रु. **५ करोड १० लाख ५० हजार रुपैयाँ** विनियोजन गरेको छु । जुन अनुसूचीमा उल्लेख छ ।

## सुशासन तथा संस्थागत क्षमता विकास

- भुमिहिन दलित, सुकुम्बासि र अव्यवस्थित बसोबासिको जग्गा व्यवस्थापनको लागि **रु ७ लाख** विनियोजन गरेको छु ।
- नगरपालिकामा AI मा आधारित एकिकृत सेवा प्रवाहको लागि **रु. १० लाख** बजेट विनियोजन गरेको छु ।
- राजनैतिक नक्सा निर्माण तथा मुद्रण को लागि **रु ३ लाख** रकम विनियोजन गरेको छु ।
- रेडियो टिभि साझेदारी कार्यक्रमको लागि आबश्यक बजेट विनियोजन गरेको छु ।
- नगरपालिका तथा वडा कार्यालयम सिस्टम इन्टरकम जडान कार्यक्रम, सवै वडा कार्यालयहरुमा ई-हाजिरी नविकरण, सवै कार्यालय  सिसि क्यामेरा जडान लगायतका कार्यक्रमको लागि **रु २३ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

उल्लेखित योजनाहरु तथा अन्य संस्थागत विकास, सेवा प्रवाह र सुशासनको लागि कुल **रु.१ करोड ९९ लाख ५० हजार** रकम विनियोजन गरेको छु । जुन अनुसूचीमा उल्लेख छ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- समय समयमा आउन सक्ने विभिन्न प्रकोप तथा विपद व्यवस्थापन र विपद व्यवस्थापन सामाग्री खरिदको लागि **रु. २५ लाख** बजेट विनियोजन गरेको छु ।

**सभाका सदस्यहरु,**

करका दरहरुसमेत उल्लेख भएको आर्थिक विधेयक, २०८३ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८३ समेत पेश गरेको छु ।

**क ) आय अनुमान**

| आ.व.०८३/०८४ को आय अनुमान | | |
|---|---|---|
| शीर्षक नं. | खर्च शीर्षक | आ.व.०८३/०८४ को अनुमानित बजेट |
| | संघीय सशर्त अनुदान | २८४०९६२०० |
| | संघीय समपुरक (फोहोर व्यवस्थापन र सडक ) | १०२६०००० |
| | प्रदेश समपुरक (ढोरपाटन नदि बेलिब्रिज) | ६०००००० |
| | संघीय विशेष ( बहुक्षेत्रीय पोषण) | १८०००००० |
| | प्रदेश विशेष (बुर्तिबाङ खानेपानी) | ४०००००० |
| | संघीय समानीकरण | १०७३००००० |
| | प्रदेश समानीकरण | १२५७४००० |
| | संघीय राजश्व बाँडफाड | ११६५३१००० |
| | प्रदेश राजश्व बाँडफाड सवारी कर | ११८६०००० |
| | स्थानीय राजश्व वाडफाड मालपोत | ८५००००० |
| | आन्तरिक आय | २९९४५००० |
| | बैंक मौज्दात | १८०००००० |
| | **जम्मा** | **६२७०६६२००** |

**ख) व्यय अनुमान :-**

**सभाका सदस्यहरु,**

आगामी आ.व. २०८३/०८४ का लागि कुल रु. ६२ करोड ७० लाख ६६ हजार २ सय रुपैया मात्रको व्यय अनुमान गरेको छु । जसमध्ये चालुतर्फ रु. ४४ करोड ६२ लाख ६६ हजार २ सय र पूजिगत तर्फ रु. १८ करोड ८ लाख रुपैया विनियोजन गरेको छु ।

प्रस्तुत बजेटमा संघीय सरकारबाट प्राप्त हुने सामाजिक सुरकक्षा भत्ता लगायतका अन्य अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त भई खर्च हुने भएकोले सो बजेट यसमा समावेश नगरिएको व्यहोरा जानकारी गराउछु ।

**सभाका सदस्यहरू,**

ढोरपाटन नगरपालिका क्षेत्रमा लागू हुने करका दरहरु समेत उल्लेख भएको आर्थिक विधेयक, २०८३ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८३ समेत पेश गरेको छु ।

**सभाका सदस्यहरू,**

आर्थिक वर्ष २०८३।०८४ को लागि आय व्यय अनुमान प्रस्तुत गरिरहँदा संघीय तथा प्रदेश सरकारद्धारा प्राप्त मार्गदर्शन तथा ऐन नियमहरुको पूर्णरुपमा पालना गर्दै सिमित स्रोत साधनका वावजुद आर्थिक वर्ष २०८३।०८४ का लागि लिइएका नीति तथा कार्यक्रमहरुसँग तादाम्यता मिलाउने प्रयास गरेको छु ।यद्यपि स्थानीय सरकार प्रति नागरिकमा रहेका असिमित चाहाना र आकाँक्षा हुनु स्वभाविक रहेतापनि बजेट मार्फत सबै आवश्यकता र चाहानालाई सम्बोधन गर्न पक्कै पनि सम्भव हुँदैन ।

प्रस्तावित बजेट तर्जुमा गर्दा संघीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट, नगरपालिकाको आन्तरिक आय लाई स्रोत मानी नगरपालिकाका प्राथमिकताका क्षेत्रहरु, नागरिकबाट आवश्यक ठानिएका योजनाहरु, नागरिक समाज, गैर सरकारी संस्थाहरु लगायत सम्पुर्ण महानुभावहरु सबैको अमुल्य सुझावलाई उपलब्ध श्रोत साधनको सिमा भित्र रहि समेट्ने प्रयास गरेको छु ।

नगरपालिकाको स्रोत र क्षमता अनुसार विभिन्न समिति, उपसमितिहरु र नगर कार्यपालिकामा व्यापक छलफल गरी बजेटलाई सन्तुलित र दिगो बनाउने प्रयास गरेको छु । नगरपालिकाको स्रोत साधनले समेट्न नसकेका ठूला योजनाहरु प्रदेश सरकार र केन्द्रीय सरकारको सहकार्यमा संचालन गर्न स्रोतको व्यवस्था गरेको छु ।

अन्तमा, प्रस्तुत बजेट निर्माण कार्यमा आ–आफ्नो तर्फबाट सहयोग पुर्याउनुहुने सम्पुर्ण जनप्रतिनिधिहरु, बुद्धिजिबीहरु, राजनैतिक दल, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, पत्रकार, उपभोक्ता समितिहरु लगायत सरोकारवाला सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु।साथै बजेट निर्माण नीति तथा कार्यक्रम निर्माण, नीतिगत निर्णय, आर्थिक ऐन, विनियोजन ऐन, र कानुन निर्माण लगायत नयाँ सोचका आधारमा पालिकाको योजना र दीर्घकालिन सोच निर्माणका लागी यसपालिका प्रमुख प्रशासकीय अधिकृत र सम्पुर्ण कर्मचारीहरुलाई बिशेष धन्यबाद ब्यक्त गर्दछु । बजेट कार्यान्वयनमा सरोकारवाला सबैको साथ सहयोग रहने अपेक्षा गरेको छु। प्रस्तुत बजेट र अनुसूचिमा संलग्न आयोजना तथा कार्यक्रमहरुलाई यस सम्मानित सभाबाट गहन छलफलका साथ रचनात्मक सुझाबको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**धन्यबाद !!**

धन बहादुर कायत
**नगर उप-प्रमुख**